नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
राष्ट्रिय भू-उपयोग आयोजना
कुमारी मार्ग, नक्साल, काठमाडौं

# भू-उपयोग नक्सा/डाटा व्यवस्थापनको लागि GIS Engine तथा Server खरिद गर्नेबारे सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशन मिति : २०६७/९/१८**

यस राष्ट्रिय भू-उपयोग आयोजनामा रहेका भू-उपयोग सम्बन्धी सम्पूर्ण डाटाहरूको व्यवस्थापनको निम्ति GIS Engine तथा Server को आवश्यकता परेकाले इच्छुक योग्य रजिष्टर्ड बिक्रेता, आपूर्तिकर्ता, कम्पनी वा फर्मबाट सिलबन्दी बोलपत्र आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. निवेदन साथ फर्म दर्ता (नविकरण सहित), व्यवसाय दर्ता प्रमाण-पत्र (नविकरण सहित) आयकर दर्ता र मु.अ.क. दर्ताको प्रमाण पत्र (नवीकरण सहित), २०६६ साल असार महिनासम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रू. ३,०००/- (तीन हजार रूपियाँ मात्र फिर्ता नहुने) तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस आयोजना वा भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट बोलपत्र फारम (बोलपत्र सम्बन्धी कागजात सहित) खरिद गर्न सकिनेछ। अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन, दिनको १२:०० बजेभित्र यस आयोजनामा दर्ता गराई सक्नु पर्नेछ। उक्त दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नु पर्नेछ।

३. रीतपूर्वक पर्न आएको सिलबन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १४:०० बजे आयोजनाको कार्यालयमा उपस्थित फर्म, कम्पनी र अन्य प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। तर फर्म, कम्पनीका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त सिलबन्दी बोलपत्र खोल्ने दिन बिदा परेमा त्यस पछिको कार्यालय खोलेको दिन, दिनको १४:०० बजे सो बोलपत्रहरू खोलिने छ।

४. बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित कागज पेश गर्नु पर्नेछ।

५. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको २.५ (अढाइ) प्रतिशतले हुने धरौटी वापतको रकम आयोजनाको नेपाल राष्ट्रबैंक, थापाथली स्थित धरौटी हिसाब नं. स.अ. १३११९०७/०६७ मा रकम जम्मा गरेको बैंक भौचर वा यस आयोजनाको पक्षमा जारी भएको घटीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ। पेश गरिएको जमानत भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिको दिनलाई मात्र मान्यता दिइने छ। बोलपत्र मान्य हुने अवधि ९० दिनको हुनेछ।

६. रीत नपुगी आएको सिलबन्दी बोलपत्रहरू उपर कुनै कार्वाही गरिने छैन।

७. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस आयोजनामा निहित रहनेछ।

८. यस बाहेक अन्य कुराहरूको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ।

९. यससम्बन्धी अन्य थप कुराको जानकारीको लागि कार्यालय खुलेको समयभित्र आयोजनाको योजना शाखामा सम्पर्क राख्न सकिने छ। फोन नं. ४४३७८९९, ४४३७८६३, ४४३७८५२

१०. बोलपत्र सम्बन्धी सम्पूर्ण कारवाही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ। यो सूचना राष्ट्रिय भू-उपयोग आयोजनाको वेव साईट www.nlup.gov.np मा पनि हेर्न सकिनेछ।